नेपाल सरकार

भुमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय

भूमी व्यवस्थापन तथा अभिलेख बिभाग

# मालपोत कार्यालय

सिम्रौनगढ, बारा

पत्र संख्या :- २०८०/०८१

मितिः- २०८०/१०/१४

चलानी नम्बरः- 1682

## भु-सेवा केन्द्र सञ्चालन सम्वन्धी सूचना।

भूमि व्यवस्थापन तथा अभिलेख विभाग बबरमहल काठमाण्डौंको च.न. ४११ मिति २०८०।०४।२४ को पत्रानुसार यस कार्यालयमा भू-सेवा केन्द्र तथा संचालन गर्नको लागि मालपोत नियमावली २०३६ को नियम २३ (क).(ख) बमोजिम योग्यता पुगेको तथा भू-सेवा केन्द्र संचालन निर्देशिका २०७६ को दफा ७ मा तोकिए बमोजिम पूर्वाधार पूरा भएका ईच्छुक व्यक्ति, संस्था तथा स्थानिय सरकारले अनुमति लिनको लागि मिति २०८०।१०।१५ गतेदेखि २०८०।११।१५ गते सम्म कार्यालय समयसम्म https://public.dolrm.gov.np/ मा अनलाईन मार्फत निवेदन पेश गरी सो निवेदनको Hard Copy सहित सोसँग सम्वन्धित सक्लै कागजातहरु यस कार्यालयको प्रशासन शाखामा पेश गर्नु हुन सम्वन्धीत सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

भू-सेवा केन्द्र सञ्चालनको अनुमति किसिम र योग्यता तपसिल बमोजिम हुनेछ

| व्यक्तिको हकमा | रजिष्टर्ड संस्थाको हकमा | स्थानिय तहको हकमा | कानून/लेखापढी व्यवसायीको हकमा | साधारण प्रयोगकर्ताको हकमा |
|---|---|---|---|---|
| (क) नेपाली नागरिकता प्रमाण पत्र प्राप्त गरी १८ वर्ष उमेर पूरा भएको ।<br>(ख) कम्प्यूटर विषय लिई कम्तिमा प्रविणता प्रमाणपत्र तह वा सो सरह उतिर्ण गरेको वा अन्य विषयमा सो सरहको योग्यता भइ कम्प्यूटर सम्वन्धी कम्तिमा ६ महिनाको तालिम प्राप्त गरेको<br>(ग) प्रचलित कानून बमोजिम स्थायी लेखा नं.(PAN) लिएको<br>(घ) भू-सेवा केन्द्र सञ्चालनको लागि यसै सूचनाको दफा ७ बमोजिम भौतिक पूर्वाधार भएको (ङ) नैतिक पतन देखिएको फौज्दारी कसूर वा लिखत सम्वन्धी कुनै कसुर वा लिखत सम्वन्धी कुनै कसूरमा अदालतबाट दोषी प्रमाणित नभएको | (क) प्रचलित कानून बमोजिम सेवा प्रदायक संस्थाको रुपमा दर्ता भएको ।<br>(ख) संस्थामा काम गर्ने जनशक्ति नेपाली नागरिक भई १८ वर्ष पूरा भएको ।<br>(ग) संस्थामा काम गर्ने जनशक्तिको योग्यता कम्प्यूटर विषय लिई कम्तिमा प्रविणता प्रमापत्र तह वा सो सरह उतिर्ण गरेको वा अन्य विषयमा सो सरहको योग्यता भई कम्प्यूटर सम्वन्धी कम्पतिमा ६ महिनाको तालिम प्राप्त गरेको ।<br>(घ) प्रचलित कानून बमोजिम संस्थाको नाममा स्थायी लेखा नम्बर लिएको ।<br>(ङ) कर चुक्ताको प्रमाणपत्र भएको र भू-सेवा केन्द्र संचालन लागि दफा ७ बमोजिमको भौतिक पूर्वाधार भएको | (क) भू-सेवा केन्द्र संचालन गर्ने आवश्यक जनशक्ति र पूर्वाधार भएको | (क) कानून व्यवसायी वा लेखापढी व्यवसायीको प्रमाण पत्र भएको ।<br>(ख) नेपाली नागरिक भएको र प्रचलित कानून बमोजिम स्थायी लेखा नं. (PAN)लिएको<br>(ग) कर चुक्ताको प्रमाण पत्र भएको ।<br>(घ) भू-सेवा केन्द्र संचालनको लागि यसै सूचनाको दफा ७ बमोजिम भौतिक पूर्वाधार भएको | (क) प्रयोगकर्ताको नाममा जग्गाधनी दर्ता प्रमाण पूर्जा भएको ।<br>(ख) आफ्नो नाममा भएको जग्गाको कितावहरुको विवरण भू-सूचना अध्यावधिक भएको तर सूचना प्रणालीमा देखिएको विवरण जग्गाधनी दर्ता श्रेस्तामा भएको विवरण फरक परी जग्गाधनी पहिचानमा समस्या देखिएमा जग्गाधीले सम्वन्धीत कार्यालयमा गई डाटा अध्यावधिक गराउनु पर्नेछ । |

भू-सेवा केन्द्र सञ्चालनको लागि चाहिने पूर्वाधारहरु

क. Computer
ख. Printer
ग. Backup System
घ. Scanner
ङ. भू-सेवा प्रणालीसँग कम्प्यटिवल हुने Biometric Devine, Web Camera.

२०८०।१०।१४

कार्यालय प्रमुख

च. कम्तिमा २/२ Mbps को Dedicated Internet Connectivity भएको ।

अनुमति पत्र दस्तुर अवधि तथा नविकरण सम्वन्धी व्यवस्था

१. सधारण प्रयोगकर्ताले युजर एकाउन्ट खोल्नको लागि सम्बन्धित कार्यालयमा रु ५००।– अक्षरेपी रु पाँच सय मात्र बुझाउनु पर्नेछ । प्रत्येक १० (दश) वर्षमा नविकरणको लागि रु १००।– एक सय रुपैया दस्तुर बुझाउनु पर्नेछ ।

२. सधारण प्रयोगकर्ताले यूजर एकाउन्ट नविकरण नगरेको अवस्थामा अनलाईन प्रणाली त्यस्ता प्रयोगकर्ताको पहुच स्वतः निष्कृय हुनेछ ।

३. भू-सेवा केन्द्र सम्वन्धी अनुमति पत्र लिन देहाय बमोजिम दस्तुर लाग्नेछ ।

क. अनुमतिको लागि व्यक्तिको हकमा रु ३०००।– अक्षरेपी रु तीन हजार मात्र

ख. संस्थाको हकमा रु ५०००।– अक्षरेपी रु पाँच हजार मात्र

ग. उक्त दस्तुर कोष तथा लेखा नियन्त्रक कार्यालय, श्री राष्ट्रिय वाणिज बैंक लि. कलैया बाराको शाखामा रहेको खाता नं. १२६०१०००१०२०६०००० मा राजस्व शिर्षक १४२२९ कार्यालय कोड नं. ३३६०१२१०१ मा जम्मा गरी सोको बैंक भौचर पेश गर्नु पर्नेछ ।

४. भू-सेवा सञ्चालनको अनुमति लिन चाहिने व्यक्ति वा संस्थाले कोष तथा लेखा नियन्त्रक कार्यालय श्री राष्ट्रिय वाणिज बैंक लि. कलैया बाराको शाखामा रहेको धरौटी खाता नं. १२६०१००१००२०३०००० मा कार्यालय कोड नं. ३३६०१२१०१ मा धरौटी रकम जम्मा गरी सोको बैंक भौचर पेश गर्नु पर्नेछ । बैंक ग्यारेन्टीको हकमा चालु आ.व. बाँकी रहेको अवधिमा १ महिना थप गरी कुल अवधिको देहाय बमोजिमको रकम बराबरको बैंक ग्यारेन्टी पेश गर्नु पर्नेछ ।

क. व्यक्तिको हकमा रु ५०,०००।– अक्षरेपी रु पचास हजार मात्र

ख. संस्थाको हकमा रु २,००,०००।– अक्षरेपी रु दुई लाख मात्र

५.स्थानिय तहको हकमा भू-सेवा केन्द्र अनुमति लिन र नविकरण गर्न कुनै दस्तुर लाग्ने छैन ।

६. भू-सेवा केन्द्र सञ्चालनको अनुमति पत्र अवधि १ आ-व.को हुनेछ तर पहिलो पटक सूचना प्रकाशित भएको हकमा असाढ मसान्तसम्म मात्र हुनेछ ।

बैंक तथा वित्तिय संस्था, सहकारी, कर्मचारी सञ्चयकोष, नागरिक लगानीकोष जस्ता संस्थाहरुले धितोवन्धक, रोक्का र फुकुवा प्रयोजनको लागि मात्र प्रधान कार्यालय रहेको कार्यक्षेत्रभित्रको भूमिसुधार तथा मालपोत कार्यालय सिम्रौनगढ बारमा अनलाइन निवेदन पेश गरी अनुमति प्राप्त गर्नु पर्नेछ । प्रधान कार्यालयले यसरी अनुमति प्राप्त गरेपछि आवश्यक्ता अनुसार आ-आफ्नो शाखा कार्यालयहरुलाई यूजर वितरण गर्न सक्नेछ ।

यस सूचना उल्लेख नभएमा अन्य कुराहरु भू-सेवा केन्द्र सञ्चालन निर्देशिका २०७६ बमोजिम हुनेछ ।

सम्पर्क व्यक्तिहरुः- ना.सु. श्री राजेश साह सम्पर्क नं. ९८५५०४८१९४
ना.सु. श्री हेमराज साह सम्पर्क नं. ९९८११८५४२२६
क.अ. श्री रामाकान्त चौधरी सम्पर्क नं. ९८४५२५२०६६/९८०७१७०२०५

बोधार्थः-
श्री भूमि व्यवस्थापन तथा अभिलेख विभाग
बबरमहल, काठमाण्डौ

कौशल किशोर झा
कार्यालय प्रमुख